# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०५९ सालको अध्यादेश नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः आर्थिक वर्ष २०५९।६० को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को संरकारले राष्ट्र ऋण उठाउन तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

276

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "राष्ट्र ऋृण उठाउने अध्यादेश, २०५९" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋृण उठाउने अधिकार : (१) आर्थिक वर्ष २०५९।०६० को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले आर्थिक वर्ष २०५८।०५९ को अन्त्यमा ओभरड्राफ्ट वापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु.१२,००,००,००,०००।- (बाह्र अरब रुपैयाँ) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋृण उठाउन सक्नेछ । यसरी उठाइने राष्ट्र ऋृण रकममा आर्थिक वर्ष २०५९।०६० को ओभरड्राफ्ट रकम समेत समावेश हुनेछ ।

(२) श्री ५ को सरकारले आर्थिक वर्ष २०५८।०५९ सम्मको नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी ओभरड्राफ्टलाई श्री ५ को सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋृणको साँवा व्याज भुक्तानी गर्ने अवधि र सो ऋृणको ब्याजको दर राष्ट्र ऋृण ऐन, २०१७ बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः- २०५९।३।२४।२

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।